हनुमन्तेश्वर सामुदायिक वन उपभोक्ता समूहको

गोलिया काठ बिक्रिको सूचना

प्रथम पटक सुचना प्रकाशित मितिः २०८३/०२/२९

प्रस्तुत विषयमा आ.व. २०८२/८३ मा तपसिलको वन क्षेत्रबाट संकलन भएको निम्न घाटगद्दी स्थलहरुमा घाटगद्दी गरी राखेको/कटान क्षेत्रमा रहेको तपसिल बमोजिमको विभिन्न लट, जात, थान र परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले मिति २०८३/०२/२९ मा विक्षण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना बमोजिम यो विस्तृत सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को दफा १२८ बमोजिम सुचिकृत भएका इच्छुक काठमा आधारित उद्योगले विक्षण राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८३/०३/१८ गते) कार्यालय समय भित्र तपसिलको स्थानहरुबाट बोलपत्र खरिद गरि २२ औं दिन (मिति २०८३/०३/१९ गते) मध्यान्ह १२:०० बजे भित्र समुहको कार्यालय जिरी नगरपालिका वडा नं. ७ दोलखामा सिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल :

| वन पैदावरको विवरण | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | किसिम | जात | ग्रेड | थान | परिमाण क्युफिट | प्रति इकाई न्युनतम रु | न्युनतम रु | संकलन खर्च रु. | |
| १ | गोलिया | घोगेसल्ला | – | २१० | १०३४७.४ | २०० | २०६,८८०/ | १५०/ | हनुमन्तेश्वर सा.व.उ.स. गैरी |
| २. | गोलिया | ठिंग्रेसल्ला | – | ३२७ | २६०६.९० | २०० | ५,२१,३८०/ | | |
| | जम्मा | | | ५३७ | ३६४१.३ | | ७२८,२६०/ | | |

२. बोलपत्र खरिद र दाखिला गर्ने अन्तिम मिति, समयः

क) बोलपत्र खरिद गर्ने स्थान : डिभिजन वन कार्यालय दोलखा र हनुमन्तेश्वर सामुदायिक उपभोक्ता समुह जिरी न.पा. ७, दोलखाको कार्यालय

ख) खरिद गर्ने अन्तिम मिति र समयः पत्रिकामा सुचना प्रकाशन भएको मितिले २१ औं दिन (मिति २०८३/०३/१८ गते) कार्यालय समय भित्र

ग) दाखिता गर्ने अन्तिम मिति समय र स्थान : पत्रिकामा सुचना प्रकाशन भएको मितिले २२ औं दिन ( मिति २०८३/०३/१९ गते) मध्यान्ह १२:०० बजे भित्र समुहको कार्यालयमा ।

घ) बोलपत्र दाखिला गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट अपरान १२ बजे बोलपत्र दाखिला गरिसक्नुपर्ने छ ।

३) बोलपत्र फारम लटको रु. १०००/- (पछि फिर्ता नहुने गरि) तिरी सक्कलै भौचर डिभिजन वन कार्यालय, दोलखा र हनुमन्तेश्वर सब डिभिजन वन कार्यालय, जिरीमा पनि दाखिला गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ साथै काठको कबुल गरेको रकमको १० प्रतिशतले हुनआउने नेपाल बैंक लिमिटेड चरिकोट शाखा रहेको खाता नं. १३०००१००६३६९४९००००१ मा जम्मा गरेको सक्कलै भौचर समावेश गर्नु पर्नेछ ।

४. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्र, भ्याट दर्ता र प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि र उद्योग रहेको सम्बन्धित डिभिजन वन कार्यालयबाट दिएको उद्योगको सुर्चिदर्ताको प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

५. निर्धारित न्युनतम संख्या र रितपुर्वक पर्न आएका बोलपत्रहरु पत्रिकामा सुचना प्रकाशन भएको मितिले २२ औ दिन अपरान्ह २:०० बजे साक्षिहरुको रोहवरमा यस समुहको कार्यालय खोलिनेछ । सो दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदाको भोलिपल्ट सोहि समयमा खोलिनेछ ।

६. सामुदायिक वनको काठ दाउरा संकलन तथा विक्रि वितरण निर्देशिका २०७१ बमोजिम लिलाम स्वीकृत भई जानकारी प्राप्त भएको मितिले १० दिन भित्र सकारकर्ताले सकार गरेको रकम तथा निर्धारित मु.अ.कर. संकलन खर्च समेतको रकम छुट्टाछुट्टै बुझाई सक्नु पर्नेछ ।

७. लिलाम सकार अंक काठको न्युनतम मुल्यको आधारमा बढाबढ हुनेछ । बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । शर्त राखिएका बोलपत्रहरु स्वीकृत गरिनेछैन ।

८. बोलपत्र मान्य नहुने अवस्थाहरु

- प्रत्येक लटको लागि छुट्टाछुट्टै सिलबन्धी नगरि प्राप्त हुन आएको बोलपत्र
- सम्बन्धित समुहको छाप र अध्यक्षको दस्तखत गरि प्रमाणित हुनुपर्नेमा सो नभएको बोलपत्र वा विक्रि नभएको बोलपत्र वा विक्री भएको बोलपत्रको प्रतिलिपि दाखिला गरेको बोलपत्र
- बोलपत्र जसको नाममा खरिद गरिएको हो उसैको तर्फबाट दाखिला नगरेको बोलपत्र
- बोलपत्रदाताको हस्ताक्षर (फर्म, कम्पनी, उद्योगको हकमा छाप समेत) नभएको बोलपत्र
- सकार अंकको १० प्रतिशत धरौटी वापतको रकमको बैंक भौचर समावेश नभएको वा कम रकमको भएको बोलपत्र
- बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पुरा नभएको
- म्यादभित्र पेश हुन नआएको बोलपत्र
- बोलपत्रको पुर्णता परिक्षण बमोजिम कागजात नभएको ।

९. बोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस हनुमन्तेश्वर सामुदायिक वन उपभोक्ता समूह निहित रहनेछ । थप जानकारीको लागि फोन नं. ९८६६४७६०१९, ९८४७३१२६९२, ९८४४२६२४४३, ९७४१७४४६६६ मा सम्पर्क गर्नु सक्नुहुनेछ ।